# रेडक्रस

नेरेसो

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५७, अङ्क १२ | २०८३ असार | June - July 2026

## नेपाल रेडक्रस सोसाइटी (नेरेसो) मा नवगठित तदर्थ समितिको पदभार ग्रहण

काठमाडौं, असार ०३ गते । नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को नवगठित तदर्थसमितिका पदाधिकारीहरूले नेरेसो केन्द्रीय कार्यालयमा पदभार ग्रहण गर्नुभएको छ।

मिति २०८३ जेठ २६ गते मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकले विनोदकुमार शर्माको अध्यक्षतामा रहेको तदर्थ समिति विघटन गरी दोलखाका विशालकुमार भण्डारीको अध्यक्षतामा ९ सदस्यीय नयाँ तदर्थ समिति गठन गरेको थियो ।

समितिको महामन्त्रीमा गोरखाका ऋषिरमण खनाल, कोषाध्यक्षमा काठमाडौँका प्रेमसागर कर्माचार्य र सदस्यहरूमा भोजपुरका वसन्तकुमार श्रेष्ठ, दाङकी अबिस्मी न्यौपाने, तेह्रथुमका पुष्पा दास, सिन्धुपाल्चोकका प्रेम लामा, सुर्खेतका मोहम्मद आयतुल्ला रहमान र कैलालीका मञ्जु साउँद (बोहरा) रहनुभएको छ।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८३ जेठ २९ गतेको पत्रानुसार तदर्थ समितिलाई



नेपाल रेडक्रस सोसाइटीमा डिजिटल सदस्यता प्रणाली विकास गरी सो प्रणालीमा सबै सदस्यको अनिवार्य रूपमा सदस्यता दर्ता, नवीकरण, अद्यावधिक गर्उने व्यवस्था गर्ने, सदस्यता विस्तार गर्न सामाजिक सञ्जालसमेतका माध्यमबाट राष्ट्रिय अभियान सञ्चालन गर्ने, युवा सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्न पहल गर्ने, हालको साङ्गठनिक संरचनालाई नेपालको संविधानको सङ्घीय शासकीय व्यवस्था बमोजिम ,प्रदेश, जिल्ला र स्थानीय तहमा पुनःसंरचना गर्ने, एक व्यक्ति एक पदको नीति अनिवार्य रूपमा लागु हुने व्यवस्था गर्ने र डिजिटल अद्यावधिक सदस्यहरूबाट सोसाइटीको निर्वाचन गराउनेलगायतका जिम्मेवारी प्राप्त छ।

नेरेसोको नव गठित तदर्थ समितिलाई नेरेसोका कर्मचारीहरूले केन्द्रीय कार्यालयमा स्वागत गर्नुभएको थियो ।

## विपद् पूर्वतयारी परियोजनाको समीक्षा बैठक सम्पन्न

जुम्ला, असार १६ गते । नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखाबाट जिल्लाको चन्दननाथ नगरपालिकामा सञ्चालित शहरी पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य प्रवर्धन परियोजनाको समिक्षा बैठक सम्पन्न भएको छ।

स्वीस रेडक्रसको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वय तथा चन्दननाथ नगरपालिकासँगको आर्थिक साझेदारीमा नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखाद्वारा सञ्चालित शहरी पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्धन परियोजनाअन्तर्गत सन् २०२६ मा परियोजनाबाट सम्पन्न भएका गतिविधिहरूको उपलब्धी, सिकाइ र अनुभव आदान प्रदान गर्ने तथा पृष्ठपोषण सङ्कलन गर्ने उद्देश्यले समीक्षा बैठकको आयोजना गरिएको हो ।

बैठकमा परियोजनाअन्तर्गत सम्पन्न गरिएका गतिविधिहरूको प्रस्तुतीकरण कार्यक्रम अधिकृत इश्वरा सुवेदीले गर्नु भएको थियो ।

चन्दननाथ नगरपालिकाका नगर प्रमुख



राजुसिंह कठायतको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख जनक थकाल, नगरपालिकाका उपप्रमुख रामदेवी खड्का, नेरेसो जुम्ला जिल्ला शाखाका कार्यवाहक सभापति जगदीश चौलागाईसहित सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

# सम्पादकीय

## विपद् व्यवस्थापनमा नेपाल रेडक्रस सोसाइटीको निरन्तर योगदान

नेपाल प्राकृतिक विपद्हरूको दृष्टिले संवेदनशील देश हो । बाढी, पहिरो, भूकम्प वा महामारी जस्ता विपद्हरूले बारम्बार समुदायलाई सङ्कटमा पार्ने गरेका छन् । यस्ता विपद्का बेलामा प्रभावित समुदायलाई सुरक्षित राख्न, राहत पु¥याउन र दीर्घकालीन व्यवस्थापनमा सहयोग पु¥याउन संस्थागत सहकार्य अपरिहार्य हुन्छ ।

यस सन्दर्भमा नेपाल रेडक्रस सोसाइटी (नेरेसो) निरन्तर अग्रपंक्तिमा देखिँदै आएको छ । विपद् व्यवस्थापनका क्रममा नेरेसोले प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, पीउने पानी, खाद्यान्न, लत्ताकपडा, स्वास्थ्य सामग्री र अन्य आवश्यक सहयोग उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिएको छ । तत्काल राहतसँगै दीर्घकालीन व्यवस्थापनमा पनि योगदान पु¥याउनु नेरेसोको मानवीय उत्तरदायित्वको प्रमाण हो ।

नेरेसोको सक्रियता केवल राहत वितरणमा सीमित छैन । यसले स्थानीय समुदाय, सरकारी संयन्त्र र अन्य संस्थासँग सहकार्य गर्दै विपद् व्यवस्थापनलाई प्रभावकारी बनाएको छ। विपद्का बेलामा असुरक्षित अवस्थामा रहेका बालबालिका, महिला, ज्येष्ठ नागरिकलाई सुरक्षित स्थानमा पु¥याउने, अस्थायी बसोबासको व्यवस्था गर्ने, र दीर्घकालीन पुनर्स्थापनाका लागि पहल गर्ने कार्यहरू नेरेसोले निरन्तर गर्दैआएको छ । यसरी, विपद् व्यवस्थापन केवल तत्कालीन राहतमा सीमित नभई दीर्घकालीन पुनर्निर्माण र सामाजिक उत्तरदायित्वसँग जोडिएको छ । यस्ता गतिविधिमार्फत नेरेसोले मानवीय पीडा कम गर्न जुनसुकै समयमा पनि तयार रहेको स्पष्ट सन्देश दिएको छ। यो समुदायप्रतिको प्रतिबद्धता र विपद् व्यवस्थापनको महत्त्वपूर्ण प्रयास हो ।

नेरेसोले विभिन्न विपद्मा देखाएको तत्परता र सक्रियता समाजका लागि प्रेरणादायी उदाहरण बनेको छ । विपद् व्यवस्थापनमा राज्य मात्र होइन, नागरिक समाज र मानवीय संस्थाको सहकार्यले मात्र जीवन बचाउन सकिन्छ भन्ने तथ्य नेरेसोको कार्यले पुष्टि गरेको छ। यसले विपद्का बेलामा सबै पक्षले आफ्नो जिम्मेवारी पूरा गर्दा मात्र प्रभावकारी परिणाम आउँछ भन्ने देखाएको छ ।

त्यसैले, प्राकृतिक विपद् जस्तो चुनौतीलाई सामना गर्न राज्य, संस्था र नागरिक बिच निरन्तर सहकार्य र उत्तरदायित्व आवश्यक छ । विपद् बेलामा तत्काल राहत मात्र होइन, दीर्घकालीन व्यवस्थापन र सुरक्षित भविष्य सुनिश्चित गर्नु नै हाम्रो साझा कर्तव्य हो । नेरेसोको निरन्तर तत्परता र प्रतिबद्धता समाजका लागि प्रेरणादायी उदाहरण बनेको छ ।

विपद् व्यवस्थापनलाई दीर्घकालीन रूपबाट अघि बढाउन नेरेसोको निरन्तर भूमिका अझै महत्वपूर्ण हुन्छ । विपद् व्यवस्थापनमा नेरेसोको निरन्तर तत्परता, सहकार्य र मानवीय प्रतिबद्धता केवल सङ्कटको क्षणमा मात्र नभई समाजलाई सुरक्षित भविष्यतर्फ अघि बढाउने आधार हुन् ।

विपद् व्यवस्थापनलाई सामूहिक जिम्मेवारीका रूपमा बुझ्दै सबै पक्षले आफ्नो भूमिका निर्वाह गर्दा मात्र बिपद्को पीडा कम गर्न सकिन्छ ।

**प्रधान सम्पादक :** ऋषिरमण खनाल
**कार्यकारी सम्पादक :** विपुल न्यौपाने
**सहायक सम्पादक :** सुशीला ढकाल

## जुनियर तथा युवा रेडक्रस गोष्ठी सम्पन्न

कर्णाली प्रदेश, असार ११ गते । नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेशस्तरीय तेस्रो जुनियर युवा रेडक्रस गोष्ठी जुम्ला जिल्लाको चन्दननाथ नगरपालिका २ मा रहेको कर्णाली माध्यामिक विद्यालयमा सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेशको आयोजनामा नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्लाशाखाको समन्वय र कर्णाली माध्यमिक विद्यालयको आतिथ्यतामा गोष्ठी सम्पन्न भएको हो ।

कर्णाली माध्यमिक विद्यालय जुनियर रेडक्रस सर्कलका अध्यक्ष शुभेच्क्षा उपाध्यायको सभापतितत्वमा भएको गोष्ठीको शुभारम्भ कार्यक्रममा जुम्ला जिल्ला समन्वय समितका संयोजक गौरीनन्द आचार्य, नेरेसो कर्णाली प्रदेश अध्यक्ष लिलाराम सुवेदी, हिमा गाउँपालिका अध्यक्ष लक्ष्मण शाही, प्रमुख जिल्ला अधिकारी दीपक पौडेलगायत सुरक्षा निकाय, पत्रकार, नेरेसो कर्णाली प्रदेश, जिल्ला शाखा पदाधिकारी तथा सदस्य एवम् नेपाल रेडक्रस सोसाइटका कर्मचारीहरूको सहभागिता रहेको थियो ।



गोष्ठीमा जिल्ला प्रहरी कार्यालयबाट लागु औषध दूर्व्यसनीका बारेमा जानकारी, रेडक्रस अभियान, जुनियर/युवा रेडक्रस सर्कल गठन प्रकृया, सर्कल कार्यसमितिको काम कर्तब्य अधिकार र सर्कल कार्यसमिति बैठक सञ्चालन कार्यविधि र प्रगति प्रतिवेदनको नमुना तथा चन्दननाथ घोषणापत्र तयारी, जिल्लाका जुनियर/यूवा रेडक्रस सर्कलहरुले गरिएको नवीनतम गतिविधीहरू र स्रोतसाधनको परिचालन तथा कोष व्यवस्थापनमा गरेको उत्कृष्ट अभ्यासको अनुभव आदान प्रदान, जुनियर/युवा रेडक्रस सर्कलका चुनौतीहरू/समस्याहरू र जुनियर/युवा रेडक्रस सर्कललाई सक्रिय बनाउन गर्न सकिने संभावित कार्यहरू, युवा सहभागिता रणनीति सम्बन्धी जानकारी, प्रदेश स्तरीय विभिन्न मुख्य गतिविधिहरूको सूची तयार र आतिथ्य जिल्ला छनौट, चन्दननाथ घोषणा प्रस्तुत तथा पारित गरिएको थियो ।

२ दिनसम्म सञ्चालित गोष्ठीको सहजीकरण कर्णाली प्रदेश कार्यक्रम व्यवस्थापक राजकुमार क्षेत्री सदस्य नरविर सुनार जिल्ला परियोजना अधिकृत इश्वरा सुवेदी र सामुदायिक परिचालक करविरबहादुर चन्दले गर्नुभएको थियो ।

गोष्ठीमा कर्णाली प्रदेशका ७ जिल्लाबाट एक सय ४४ जनाको सहभागिता रहेको थियो ।

### शाश्वत वाणी

"सफलता संयोग होइन, निरन्तर मेहनत र लगावको परिणाम हो ।" -पेले

सामुदायिक विकास गतिविधि

# परिष्कृत सङ्कटासन्नता तथा जोखिम विश्लेषणसम्बन्धी तालिम सम्पन्न

जाजरकोट, असार २० गते । जाजरकोटको शिवालय गाउँपालिकामा परिष्कृत सङ्कटासन्नता तथा जोखिम विश्लेषण (DRR–CCA) सम्बन्धी चार दिने तालिम सम्पन्न सम्पन्न भएको छ ।



शिवालय गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा सञ्चालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता (Sustainable Development for Health, Adaptation and Resilience–SUDHAR) परियोजनाअन्तर्गत शिवालय गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नका लागि तथ्याङ्कहरू सङ्कलन गर्ने जनशक्ति स्थानीय स्तरमै विकास गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको हो ।

तालिममा सहभागीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आधारभूत अवधारणा, शब्दावली तथा परिचयका साथै जलवायुजन्य विपद्का विविध पक्षबारे प्रशिक्षण प्रदान गरिएको थियो । तालिमकै क्रममा eVCA का विभिन्न औजारहरूको सैद्धान्तिक छलफल र प्रयोगात्मक अभ्याससमेत गराइएको थियो । यसअन्तर्गत प्रकोपको पहिचान, ऐतिहासिक समयरेखा, प्रकोप स्तरीकरण तथा प्राथमिकीकरण, प्राकृतिक स्रोत तथा जोखिम नक्साङ्कन, मौसमी पात्रो, समस्या वृक्ष, संस्थागत विश्लेषण (सम्बन्ध चित्र) तथा सामुदायिक उत्थानशीलताका ११ वटा आयामसम्बन्धी विषयमा सहभागीहरूलाई विस्तृत जानकारी प्रदान गरिएको थियो ।

सिकाईलाई थप प्रभावकारी बनाउन तालिम अवधिमा दुई दिने फिल्ड अभ्याससमेत गरिएको थियो । फिल्ड अभ्यासको क्रममा शिवालय गाउँपालिकाको वडा नं. २ र ३ मा समुदाय स्तरमा तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो ।

तालिमको समापन सत्रको अध्यक्षता शिवालय गाउँपालिकाका अध्यक्ष शेरबहादुर शाहीले गर्नुभएको थियो भने सहजीकरण नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयका कार्यक्रम व्यवस्थापक राजकुमार क्षेत्री, विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन (DRR–CCA) अधिकृत भोजराज ओझा र नेरेसो जाजरकोट जिल्ला शाखाका कार्यक्रम अधिकृत शैलेश श्रेष्ठले गर्नुभएको थियो ।

तालिममा परियोजनाअन्तर्गत कार्यरत सामुदायिक परिचालकहरू तथा गाउँपालिकाका सबै वडाबाट छनौट भएका विपद् स्वयंसेवक ब्यूरोका प्रतिनिधिहरू गरी जम्मा २३ जनाको सहभागिता रहेको थियो । तालिम पश्चात् सहभागीहरू आ-आफ्नो वडामा परिचालित भएर eVCA का औजारहरू प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन तथा समुदाय स्तरीय जोखिम विश्लेषण कार्यलाई अगाडि बढाउनेछन् ।

# विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम सम्पन्न

कपिलवस्तु, असार १५ गते । नेपाल रेडक्रस सोसाइटीको आयोजनामा कपिलवस्तुको तौलिहवामा ७ दिने विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम सम्पन्न भएको छ ।



UNFPA को आर्थिक सहयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुगमन तथा सहजीकरणमा तालिम सञ्चालन भएको हो ।

तालिममा महाराजगन्ज नगरपालिकाका २४ जनाको सहभागिता रहेको थियो । तालिमबाट समुदायस्तरमा विपद् स्वयंसेवक तयार भई विपद् प्रतिकार्यमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## प्राथमिक उपचारका मुख्य उद्देश्यहरू

- ज्यान जोगाउनु,
- अवस्था बिग्रन नदिनु,
- स्वास्थ्य लाभमा सहयोग पुऱ्याउनु ।
- बिरामी अथवा घाइतेलाई तत्काल राहत तथा मानसिक रूपमा खतरामुक्त भएको महसुस गराउनु ।

स्वास्थ्य सेवा तथा विपद् व्यवस्थापन गतिविधि

# हैजालगायत सरुवा रोगको विरुद्ध पूर्वतयारीः सचेतना तथा प्रतिकार्य तालिम सम्पन्न



पर्सा, असार १२ गते । हैजालगायत सरूवा रोगको सम्भावित जोखिम न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी सुदृढ बनाउने उद्देश्यले वीरगञ्जमा आयोजित दुईदिने कार्यशाला सम्पन्न भएको छ ।

हैजालगायत सरुवा रोगको सम्भावित प्रकोपको जोखिम न्यूनीकरण गर्न पूर्वतयारीलाई सुदृढ बनाउनु, विगतका अनुभव तथा सिकाइको आदानप्रदान गर्नु र प्रभावकारी प्रतिकार्यका लागि सरोकारवाला निकाय बिच समन्वय अभिवृद्धि गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको हो ।

दुई दिनसम्म सञ्चालन भएको कार्यशालामा हैजा नियन्त्रण तथा व्यवस्थापन, आपत्कालीन स्वास्थ्य तयारी, समुदायस्तरको सचेतना, खानेपानी तथा सरसफाइ व्यवस्थापन, बहुपक्षीय समन्वय तथा महामारी प्रतिकार्यसम्बन्धी विषयमा प्रस्तुति, छलफल तथा अनुभव आदानप्रदान गरिएको थियो ।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा.चितरञ्जन साहको अध्यक्षतामा भएको कार्यशालामा नेपाल रेडक्रस सोसाइटीका निमित्त कार्यकारी निर्देशक मोना अर्याल, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसरजिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापा, नेपाल रेडक्रस सोसाइटी मधेश प्रदेशका अध्यक्ष फुल मोहम्मद मियाँ, खानेपानी तथा ढल व्यवस्थापन विभागका प्रतिनिधि रचित ओझा, नेपाल रेडक्रस सोसाइटी वीरगञ्ज शाखाका सभापति बृजकिशोर पटेलसहित विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी, चिकित्सक तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

नारायणी अस्पतालको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी र रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ आइएफआरसीको सहयोगमा कार्यशाला सम्पन्न भएको हो ।

# विपद् जोखिम व्यवस्थापन स्थानीयकरण तालिम सम्पन्न




बाँके, असार १३ गते । शहरी विपद् तथा भूकम्पीय पूर्वतयारी (सुपर) परियोजनाको आयोजनामा दुई दिने विपद् जोखिम व्यवस्थापन स्थानीयकरण तालिम नेपालगंजमा सम्पन्न भएको छ ।

तालिममा विपद् जोखिमको बुझाई, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति र नेपाल सरकारका प्राथमिकताहरू, कानुनी प्रवर्धन, स्थानीय विपद् व्यवस्थापन समितिको भूमिका र जिम्मेवारी, स्थानीय तहमा विपद् व्यवस्थापन कोष परिचालन, क्षति तथा आवश्यकता मूल्याङ्कन, पूर्वसूचना प्रणाली, जलवायु उत्थानशीलता योजनालगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

नेपालगंज उपमहानगरपालिका वडा नं. ६ का वडा अध्यक्ष एवम् सुपर परियोजना संयोजक समीर प्रताप सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपालगंज उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत गोर्खबहादुर थापा, नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झना, मन्त्री अजीज अहमद सिद्दिकी, कोषाध्यक्ष राकेशबहादुर श्रीवास्तवलगायतले विपद् जोखिम व्यवस्थापन स्थानीयकरणमा वडा सचिवहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभएको थियो ।

तालिमको सहजीकरण डिपीनेट नेपालका उपाध्यक्ष केशवदत्त भट्ट, नेरेसो केन्द्रीय कार्यालयका कार्यक्रम संयोजक शेरबहादुर कार्की र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र नेपालगंजका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवाली रहनु भएको थियो भने कार्यक्रम सञ्चालन र व्यवस्थापन नेरेसो बाँकेका कार्यक्रम अधिकृत प्रहलाद विश्वकर्माले गर्नुभएको थियो ।

तालिममा नेपालगंज उपमहानगरपालिकाको १ देखि २३ वडासम्मका वडा सचिवहरू, नगरप्रहरी प्रमुख बारुणयन्त्र प्रमुख र नेपाल रेडक्रस सोसाइटी बाँकेका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उक्त परियोजना संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा नेपालगज उपमहानगरपालिकाको समन्वयमा सञ्चालित छ ।

विपद् व्यवस्थापन गतिविधि

# विपद् प्रतिकार्यका लागि प्राथमिक उपचार अभिमुखीकरण सम्पन्न

पोखरा, असार ४ गते । नेपाल रेडक्रस सोसाइटी पोखरा-४ उपशाखाले पोखरा महानगर पालिका-४ वडा कार्यालयको आर्थिक सहयोगमा मनसुनजन्य विपद् तथा सम्भावित दुर्घटनाबाट हुने मानवीय क्षति न्यूनीकरण गर्ने उद्देश्यले एकदिने प्राथमिक उपचार अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

अभिमुखीकरणमा प्राथमिक उपचारको महत्त्व, मुटु तथा फोक्सोको पुनः सञ्चालन प्रक्रिया (सीपीआर), अत्यधिक रक्तश्राव नियन्त्रण, श्वासप्रश्वासमा अवरोध तथा हाडजोर्नी मर्किएको वा भाँचिएको अवस्थामा अपनाउनुपर्ने प्राथमिक उपचारका विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास गराइएको थियो ।

कार्यक्रममा पोखरा महानगरपालिका-४ का वडा अध्यक्ष पराजुलीले विपद्का समयमा समयमै प्राथमिक उपचार उपलब्ध गराउन सके धेरैको ज्यान बचाउन सकिने बताउँदै समुदायमा प्राथमिक उपचारको सीप भएका स्वयंसेवक तयार रहनुपर्नेमा जोड दिनुभयो । नेपाल रेडक्रस सोसाइटी पोखरा-४ उपशाखाकी सभापति दिव्यश्वरी चालिसेले यस्ता



अभिमुखीकरणले सहभागीहरूको आत्मविश्वास अभिवृद्धि गर्ने बताउँदै आगामी दिनमा आधारभूत प्राथमिक उपचार तालिमको आवश्यकता औँल्याउनुभएको थियो ।

प्रशिक्षणको सहजीकरण नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका कोषाध्यक्ष तथा विपद् व्यवस्थापन समितिका संयोजक मोहनसिंह खड्का र प्रशिक्षक नवराज भण्डारीले गर्नुभएको थियो ।

अभिमुखीकरणमा टोल विकास संस्थाका अध्यक्ष, युवा क्लबका प्रतिनिधि तथा रेडक्रस उपशाखाका पदाधिकारी एवम् सदस्यहरूको सहभागिता रहेको थियो ।

---

**सामान्यतया चट्याङ नेपालमा दोहोरिरहने प्राकृतिक प्रकोप हो । यसलाई रोक्न सकिदैन ।**
**तर**
**सावधानी अपनाउने हो भने चट्याङबाट हुनसक्ने क्षति कम गर्न अवश्य सकिन्छ ।**

- **आकाशमा बिजुली चम्केर गड्याङ् गुडुङ गर्न थालेपछि घरभित्र गइहालौं ।**
- **रूख वा बिजुलीको पोलमुनि कहिल्यै नबसौं । छाता नओढौं ।**
- **पौडी खेल्ने, डुङ्गा चलाउने काम नगरौं । खेतबारीमा काम नगरौं ।**
- **सुरक्षित ओत नभेट्दै चट्याङ परे दुवै हातलाई टाउको माथि राखी निहुरिएर कुर्कुच्चो जोडेर थुचुक्क बसौं । तर भुइँमा लम्पसार परेर नसुतौं ।**
- **घरभित्र हुनुहुन्छ भने तारवाला फोनको प्रयोग नगरौं । टिभी र कम्प्युटरजस्ता विद्युतीय उपकरण नचलाऔं । बरू प्लगबाट छुटाईदिऔं ।**
- **बाथरूमभित्र नुहाउने, कपडा धुने, भाँडा माझ्ने काम नगरौं । झ्याल, भ्याङ र बरण्डाको ग्रिल र बार नछोऔं ।**

**विपद्बारे चासो राखौं, चनाखो बनौं ।**

सिईए, पिजीआई गतिविधि

# पृष्ठपोषण तथा गुनासो डिजीटाइजेसन कार्यशाला सम्पन्न

काठमाडौं, असार १२ गते । नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को मानवीय मूल्य तथा सञ्चार विभाग र जुनियर तथा युवा रेडक्रस विभागको संयुक्त आयोजनामा जुनियर तथा युवा रेडक्रस सर्कलका प्रतिनिधिहरूको पृष्ठपोषण तथा गुनासो डिजिटाइजेसन कार्यशाला सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटीले लामो समयदेखि विभिन्न माध्यमहरूबाट सेवा, कार्यक्रम तथा गतिविधिहरूका बारेमा पृष्ठपोषण तथा गुनासो सङ्कलन गरी प्राप्त पृष्ठपोषण तथा गुनासाको उचित सम्बोधन र समुदायको आवश्यकताको आधारमा कार्यक्रममा सुधार गर्दै आइरहेको छ। यसै सन्दर्भमा, पृष्ठपोषण तथा गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी, व्यवस्थित तथा प्रविधिमैत्री बनाउने उद्देश्यले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सक्रिय युवा स्वयंसेवकहरूका लागि कार्यशाला आयोजना गरिएको हो।

कार्यशालाको प्रथम सत्रमा कार्यक्रमको उद्देश्यहरूबारे जानकारी तथा रेडक्रस अभियानको पृष्ठभूमि, सिद्धान्त तथा मानवीय सेवामा नेरेसोको योगदानबारे प्रस्तुति र छलफल गरिएको थियो।

कार्यक्रममा सामुदायिक संलग्नता र जवाफदेहिता (CEA) सम्बन्धी परिचयात्मक सत्र सञ्चालन गरिएको थियो। साथै, नेरेसोलाई समुदायबाट प्राप्त हुने प्रश्न, जिज्ञासा, गुनासो तथा सुझाव व्यवस्थापनलाई प्रभावकारी र प्रविधिमैत्री बनाउने उद्देश्यले पृष्ठपोषण तथा गुनासो डिजिटाइजेसन सम्बन्धी परिचयात्मक तथा व्यावहारिक सत्र सञ्चालन गरिएको थियो। सहभागीहरूले डिजिटल माध्यमबाट प्रश्न, जिज्ञासा, गुनासो तथा सुझाव र प्रतिक्रिया सङ्कलन, अभिलेखीकरण तथा व्यवस्थापनका विविध पक्षबारे प्रत्यक्ष अभ्यास गर्नुभएको थियो।



त्यस्तै, जुनियर तथा युवा नीति, युवाहरूको भूमिका, जिम्मेवारी तथा रेडक्रस अभियानमा युवा सहभागिता सम्बन्धी विस्तृत छलफल गरिएको थियो।

कार्यक्रमको अन्त्यमा खुला छलफल आयोजना गरी सहभागीहरूले आफ्ना अनुभव, सुझाव तथा जिज्ञासाहरू प्रस्तुत गर्नभएको थियो।

कार्यशालाले युवा स्वयंसेवकहरूको क्षमता अभिवृद्धि गर्दै डिजिटल पृष्ठपोषण तथा गुनासो व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने विश्वास गरिएको छ।

**सामान्यतया चट्याङ नेपालमा**
**दोहोरिरहने प्राकृतिक प्रकोप हो । यसलाई रोक्न सकिदैन ।**
**तर**
**सावधानी अपनाउने हो भने चट्याङबाट हुनसक्ने क्षति कम गर्न अवश्य सकिन्छ ।**

- आकाशमा बिजुली चम्केर गड्याङ् गुडुङ गर्न थालेपछि घरभित्र गइहालौं ।
- रुख वा बिजुलीको पोलमुनि कहिल्यै नबसौं । छाता नओढौं ।
- पौडी खेल्ने, डुङ्गा चलाउने काम नगरौं । खेतबारीमा काम नगरौं ।
- सुरक्षित ओत नभेट्दै चट्याङ परे दुबै हातलाई टाउको माथि राखी निहुरिएर कुर्कुच्चो जोडेर थुचुक्क बसौं । तर भुइँमा लम्पसार परेर नसुतौं ।
- घरभित्र हुनुहुन्छ भने तारवाला फोनको प्रयोग नगरौं । टिभी र कम्प्युटरजस्ता विद्युतीय उपकरण नचलाऔं । बरु प्लगबाट छुटाईदिऔं ।
- बाथरुमभित्र नुहाउने, कपडा धुने, भाँडा माझ्ने काम नगरौं । झ्याल, भ्याङ र बरण्डाको ग्रिल र बार नछोऔं ।

**विपदबारे चासो राखौ, चनाखो बनौ ।**

## अन्तर्वार्ता

**वर्षा यामको सुरुवातसँगै सर्पदंशको बिगबिगी बढ्छ र विषालु सर्पको टोकाइका कारण धेरै मानिसको ज्यान जाने गरेको छ । यसै सन्दर्भमा झापा जिल्लास्थित सहारा सर्पदंश उपचार केन्द्रका सर्पदंश उपचार प्राविधिक एवम् इन्चार्ज अभिषेक पोखरेलसँग नेपाल रेडक्रस सोसाइटीका रेडियो कार्यक्रम उत्पादन अधिकृत कृष्ण नेपालले गर्नुभएको कुराकानीको सार संक्षेप यहाँ प्रस्तुत गरिएको छः**

*सर्पको टोकाइ कुन समयबाट सुरु हुन्छ ? र यस उपचार केन्द्रमा बिरामीहरु कस्ता कस्ता समस्याहरु लिएर आउनुहुन्छ ?*

सर्पदंशले विशेष गरी तराईका जिल्लाहरूमा महामारीको रूप लिन्छ । वर्षा यामको सुरुवात भएपछि असारदेखि कात्तिकसम्म सर्पदंशको बढी जोखिम हुन्छ । कतिपय अवस्थामा बिरामीहरू डराउँदै, आत्तिदै आउनुहुन्छ । कतिपय बिरामीहरूलाई विषालु सर्पले टोकेको हुन्छ भने कतिपय अवस्थामा विष नभएका सर्पले टोकेको हुन्छ । सर्पले टोकेपछि डराउने, आत्तिने, आँखा धमिलो हुने, बोलि लरबराउने, पूरै शरीर नै प्यारालाइज हुने आदि लक्षण देखिन्छन् र नविषालु सर्पले टोकेका बिरामीहरूमा आत्तिने, डराउने आदि लक्षण हुन्छन् ।

*उपचार केन्द्रबाट कसरी सेवा दिइन्छ ?*

सर्वप्रथम, बिरामीको हिस्ट्रि लिइन्छ । के कस्ता लक्षण छन् त्यसको आधारमा नक्षणहरू पहिचान गरी मनोसामाजिक परामर्श दिने वा एण्टी स्नेक भेनमको प्रयोग गरेर उपचार अघि बढाइन्छ ।

*सर्वसाधारणमा सर्पले टोकिसकेपछि समयमै उपचारका लागि सर्पदंश उपचार केन्द्रमा गइहाल्नुपर्छ भन्ने चेतना कत्तिको देखिन्छ ?*

विगतका वर्षहरूको तुलनामा जनचेतनाका कार्यक्रमहरूमार्फत् चाँडोभन्दा चाँडो सर्पदंश उपचार केन्द्रमा जानुपर्छ भन्ने सन्देश दिइरहेका छौं। यसले गर्दा जनचेतनाको स्तर अभिवृद्धि हुँदैछ । तर कतिपय अवस्थामा सर्पले टोकेपछि धामीझाँक्रीकोमा जाने अन्य र उपचार प्रक्रियामा अल्मिलिने गरेर अति ढिला सर्पदंश केन्द्रमा आइपुग्ने गर्नुहुन्छ । तर तुलनात्मक रूपमा पहिलेभन्दा अहिले चेतनाको स्तर बढेको छ ।

*सर्पको टोकाइपश्चात डोरीले बाँध्ने, मुखले चुस्ने, चिर्ने गरेको पाइन्छ, के यसो गर्नु ठीक हो ?*

सर्पको टोकाइपश्चात डोरीले बाँध्ने, मुखले चुस्ने, चिर्ने गर्नु एकदम गलत हो । यसले सेकेण्डरी इन्फेक्सन गराउन सक्छ र त्यस्तो अङ्गहरू नै काटेर फाल्नु पर्ने अवस्था पनि आउन सक्छ। यसो गर्नु हुँदैन। सबैभन्दा राम्रो चाँडोभन्दा चाँडो सर्पदंश उपचार केन्द्रमा गएर उपचार लिनु नै हो।

**सर्पको टोकाइपश्चात डोरीले बाँध्ने, मुखले चुस्ने, चिर्ने गर्नु एकदम गलत हो । यसले सेकेण्डरी इन्फेक्सन गराउन सक्छ र त्यस्तो अङ्गहरु नै काटेर फाल्नुपर्ने अवस्था आउन सक्छ।**

*सर्पदंशका घटना नहोस् भन्नका लागि के गर्न सकिन्छ ?*

सर्पदंशका घटनालाई न्यूनीकरण गर्न त्यस्तो कठिन छैन, सामान्य कुराहरूमा ध्यान दिन सकेमा पनि जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ। सरसफाइमा ध्यान दिने, घर वरपर सफा राख्ने, झाडी भएमा त्यसलाई नष्ट गर्ने । सर्प बस्ने उपयुक्त स्थानहरू जस्तैः दाउरा, ढुंगा चुपारेको ठाउँ आदिमा काम गर्दा ध्यान पुऱ्याउने, रातमा काम गर्दा टर्चलाईट प्रयोग गर्ने, गर्मी याममा बाहिर सुत्ने, भुईंमा नसुत्ने सकेसम्म खाटमा सुत्ने, झुलको प्रयोग गर्ने आदि गरेमा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

*नेरेसोले सञ्चालन गरेको सर्पदंश उपचार सेवा कत्तिको महंगो हुन्छ ?*

यो नाफामूलकभन्दा पनि सेवामूलक संस्था हो । यसमा ज्यादै न्यून शुल्क लाग्छ । विषालु सर्पको टोकाइको उपचारमा प्रयोग हुने 'एण्टी स्नेक भेनम' नेपाल सरकारले नै उपलब्ध गराएकोले हाम्रा अन्य सेवाहरू पनि न्यून मूल्यमा सञ्चालित छन् । बिरामीलाई आर्थिक भार पर्ने खालको छैन ।

*अन्य निकायहरुसँग पनि समन्वय हुन्छ ?*

हाम्रो यो सर्पदंश उपचार केन्द्र स्थानीय समाजिक सङ्घ, संस्थाहरूको समन्वयमा नै सञ्चालित छ। विशेषगरि नेपाल रेडक्रस सोसाइटी, नगरपालिका, सहारा नेपाल कोष, लायन्स क्लब अफ कन्काइ सुरुगा, उद्योग वाणिज्य सङ्घ आदिको समन्वयमा सञ्चालन भइरहेको छ ।

*सर्पदशका बारेमा तपाईको मुख्य सन्देश के छ ?*

सर्पदंशका टोकाइले वर्षेनी धेरैले अकाल मृत्युवरण गरिराख्नु परेको छ । यसबाट जोगिन विभिन्न उपायहरू जस्तैः सर्पदंश न्यूनीकरणका लागि आवश्यक जनचेतना फैलाउने र विशेष गरी नेपाल सरकार र नेपाल रेडक्रस सोसाइटीजस्ता निकायहरूले विशेष चाँसो राखी योजना बनाएर काम गर्न सकेमा सर्पदंशबाट हुने वार्षिक मृत्युदरलाई अझै घटाउन सकिन्छ ।



## सर्पले टोकिसकेपछि :

- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिनुहोस् ।
- तुरून्त अस्पताल वा सर्पदशं उपचार केन्द्र पुर्याउँ ।
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसाएर लैजाउँ ।
- यसो गर्दा सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पार्न लगाउँ ।
- घडी, चुरा, औंठी, पाउजु, पेटी खोल्दिउँ ।
- आफ्नो नजिकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल रेडक्रस सोसाइटी

## विपदको समयमा खानेपानी तथा सरसफाईमा विशेष ध्यान दिऔं ।

- क्लोरिन झोल वा ट्याबलेट हालेर वा उमालेर पानीलाई शुद्धीकरण गरेको पानी मात्र पिऔं।
- शुद्धिकरण गरेको पानी सधैँ सफा भाँडामा छोपेर राखौं ।
- पानी निकाल्ने भाँडा सधैँ सफा राखौं।
- सडेगलेका, बासी र झिङ्गा भन्केका खाने कुराहरू नखाऔं।
- काँक्रो, गाँजर, फलफूल जस्ता काँचै खान मिल्ने खानेकुरा सधैं सफा गरेर मात्र खाऔं ।

स्वास्थ्य सेवा तथा विपद् व्यवस्थापन गतिविधि

# विपद्को समयमा नसर्ने रोग सेवा निरन्तरताबारे गोलमेच छलफल सम्पन्न



काठमाडौं, असार २४ गते । नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित उत्थानशील नसर्ने रोग परियोजना (Resilience NCDs) अन्तर्गत "विपद्को अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताको लागि अत्यावश्यक प्रतिकार्य प्याकेज" विषयक राष्ट्रियस्तरको गोलमेच छलफल कार्यक्रम नेपाल रडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालको आतिथ्यतामा काठमाडौंमा सम्पन्न भएको छ ।

दुईचरणमा सञ्चालित कार्यक्रमको पहिलो चरणमा प्रस्तुतीकरण दिँदै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभागअन्तर्गत नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा.पोमावती थापाले "नेपालमा नसर्ने रोगको वर्तमान अवस्था, उपलब्धि तथा सन् २०३० सम्मको राष्ट्रिय कार्यदिशा" विषयमा प्रष्ट पार्नुभएको थियो । उहाँले नेपालमा बढ्दो नसर्ने रोगको चुनौतीलाई सम्बोधन गर्न विपद् जोखिम व्यवस्थापनसँग स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल अपरिहार्य रहेको उल्लेख गर्नुभएको थियो ।

त्यस्तै, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले जोखिममा रहेका समुदायको पहिचान गरी त्यहि अनुसारको पूर्वतायरी गर्नुपर्ने बताउनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्नुहँदै डेनिस रेडक्रस, बङ्गलादेश र नेपालका कन्ट्री क्लस्टर म्यानेजर डेभिड फोग्देनले नसर्ने रोगको विश्वव्यापी तथ्याङ्कलाई अध्ययन गर्दा अवस्था गम्भीर रहेको पाइएकाले समुदायमा विपद् प्रतिरोधात्मक स्वास्थ्य प्रणालीको विकास, नसर्ने रोगको प्रभावकारी व्यवस्थापन तथा साझेदारीमा आधारित कार्यलाई आगामी दिनमा अझ सशक्त रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले कार्यक्रमको उद्देश्य प्रस्तुत गर्दै विपद्को अवस्थामा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न बहुपक्षीय सहकार्य र नीतिगत समन्वय आवश्यक रहेको बताउनुभएको थियो ।

त्यसैगरि, डेनिस रेडक्रसका कार्यक्रम संयोजक निरु प्रधान तथा नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक प्रमोद अधिकारीले विपद्को समयमा नसर्ने रोग सम्बन्धी विरामीहरूका लागि उपचार तथा आवश्यक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन भइरहेको रेजिलियन्स एनसीडी परियोजनाका प्रमुख उपलब्धि तथा सिकाइहरू प्रस्तुत गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य सेवा विभागका कार्यक्रम संयोजक अनिल महर्जनले परियोजनाअन्तर्गत गरिएको अध्ययन तथा अनुसन्धानका प्रमुख निष्कर्ष प्रस्तुत गर्दै समुदायस्तरमा नसर्ने रोग व्यवस्थापनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग आबद्ध गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । पहिलो चरणको कार्यक्रमको सहजीकरण नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभागका कार्यक्रम संयोजक पल्लवी सिंहले गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा आयोजित गोलमेच छलफलमा नसर्ने रोगसम्बन्धी सेवाको व्यावहारिक कार्यान्वयन, नीतिगत अवसर, स्वास्थ्य प्रणालीमा प्रभावकारी एकीकरण तथा दीगो संस्थागत व्यवस्थापनका विषयमा सहभागीहरू बिच अन्तरक्रियात्मक छलफल भएको थियो । जसमा, विपद्को अवस्थामा "नसर्ने रोग (एनसिडी)" सम्बन्धी सेवाको निरन्तरता सुनिश्चित गर्न आवश्यक नीति तथा रणनीतिक व्यवस्था, स्रोत परिचालन, स्वास्थ्य प्रणाली र प्राथमिक स्वास्थ्य सेवासँग एनसिडी सेवाको एकीकरण, आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थापन, स्थानीय तहको भूमिका, "पेन-डी" को संस्थागत विकास, अनुसन्धान तथा प्रमाणमा आधारित नीति निर्माण, अन्तर्राष्ट्रिय अभ्यास, बहुपक्षीय समन्वय तथा विपद्को समयमा नसर्ने रोगका विरामीहरूलाई गुणस्तरीय र निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने उपायहरूबारे छलफल गरिएको थियो ।

छलफल कार्यक्रमलाई निष्कर्ष प्रदान गर्दै नेपाल रेडक्रस सोसाइटीका निमित्त कार्यकारी निर्देशक मोना अर्यालले विपद्को समयमा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूले अविछिन्न रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न सरकार, रेडक्रस तथा सरोकारवाला निकाय बिचको सहकार्य, अनुभव आदानप्रदान र प्रमाणमा आधारित नीतिगत पहललाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याउनु भएको थियो ।

गोलमेच छलफलको सहजीकरण आईएफआरसी/क्यानेडियन रेडक्रसका एसिया प्रशान्त क्षेत्रीय स्वास्थ्य सल्लाहकार श्री रमेश न्यौपानेले गर्नुभएको थियो ।

छलफल कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, महामारी तथा रोग नियन्त्रण महाशाखा, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, लालझडी गाउँपालिका अध्यक्ष निर्मल राना, नेपाल रडक्रस सोसाइटी, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी), डेनिस रेडक्रस, क्यानेडियन रेडक्रस, विश्व स्वास्थ्य सङ्गठन, काठमाडौं विश्वविद्यालय, तथा स्वास्थ्य क्षेत्रमा क्रियाशील विभिन्न सरकारी एवम् गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।